# कोरोना भाइरस खोपको लागि द्रुत मार्गदर्शन

COVID-19 (कोरोनाभाइरस) विरुद्ध खोपको बारेमा नर्वेको सार्वजनिक स्वास्थ्य संस्थानले उपलब्ध गराएको संक्षिप्त जानकारी।



## कोरोनाभाइरस खोपको बारेमा

खोप सिफारिस गरिएको सबैजनालाई लगाइनेछ।

यो निःशुल्क छ।

खोपले COVID-19 बाट बचाउँछ।



## तपाईंलाई कसरी खोप लगाइन्छ?

खोपलाई सुईको माध्यमबाट पाखुरामा लगाइन्छ।

यो खोप एक पटक  दिइसकेपछि केही हप्ताको अन्तरालमा अर्को मात्रा  लगाइन्छ।

यदि तपाईं गर्भवती हुनुहुन्छ, कुनै एलर्जी भए, कुनै औषधीको प्रयोग गर्नु भए, बिरामी पर्नुभए वा COVID-19 भए सूचित गर्नुहोस्।




## यो खोपले कत्तिको राम्ररी काम गर्छ?

अधिकांश व्यक्तिहरूले पूर्ण रूपले खोप लगाए पछि 1-2 हप्ता पछि COVID-19 बाट सुरक्षित हुने छन्।

तपाईंले खोप लगाउनु भएता पनि संक्रमण नियन्त्रणको सुझाव पालना गर्नुपर्छ।

FHI



## खोपले कसरी काम गर्छ?

खोपले शरीरलाई  कोरोना भाइरस पहिचान गर्न र यसविरुद्ध  लड्न सिकाउँछ ।

यो खोप शरीरबाट छिटै बाहिर निस्किन्छ।

तर शरीरले भाइरसविरुद्ध कसरी  लड्ने भन्ने कुरा बुझिसकेको हुन्छ।



## साइड इफेक्ट

यो खोप धेरै स्थानमा धेरै मानिसहरू माझ परीक्षण गरिएको छ। सामान्य साइड इफेक्टहरू:

- सुई लगाएको ठाउँमा दुखाइ
- थकान
- टाउको दुखाइ
- शरीर दुखाइ
- ज्वरो र चिसो

यी साइड इफेक्टहरू असहज हुन्छन्, तर केही दिनपछि हराउने छन्।



## असामान्य साइड इफेक्टहरू

खोप लगाएपछि तपाईंलाई अप्रत्याशित गम्भीर र दीर्घकालीन लक्षणहरू देखा परेमा चिकित्सक वा अरू स्वास्थ्य प्रदायकहरूलाई सम्पर्क गर्नुहोस्।

तपाई कोरोना भाइरस खोप सम्बन्धी अधिक जानकारी चाहनुहुन्छ भने, नर्वेजियन इन्टिटियुट अफ पब्लिक हेल्थको बेवसाइट हेर्नुहोस्: https://www.fhi.no/kvp

FHI